**Butwal Campus Journal, Vol. 8, No. 1: 150-160, August 2025**

Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal

DOI: https://doi.org/10.3126/bcj.v8i1.85533

# स्नातकोत्तर तहका शोधार्थीहरूको प्राज्ञिक लेखनमा संरचक घटक व्यवस्थापन

विष्णुप्रसाद शर्मा

sharmabp997@gmail.com

ORCID : https://orcid.org/0009-0003-3279-3148


## लेखसार

*प्रस्तुत अनुसन्धानमूलक लेख प्राज्ञिक लेखनका क्षेत्रमा केन्द्रित छ । यस लेखको उद्देश्य नेपाली शिक्षा, स्नातकोत्तर तहका शोधार्थीहरूको प्राज्ञिक लेखनमा संरचक घटक व्यवस्थापन कौशलको खोजी गर्नु रहेको छ । यसका लागि गुणात्मक अनुसन्धान विधि र व्याख्यावादी दर्शनको उपयोग गरिएको छ । अध्ययनमा प्राज्ञिक लेखनका सिद्धान्तलाई अवलम्बन गरिएको छ । यस कार्यमा सोद्देश्यमूलक नमुना छनोट पद्धतिबाट पृथ्वीनारायण क्याम्पस, स्नातकोत्तर तह नेपाली शिक्षा विषयका सात जना शोधार्थीलाई सहभागीका रूपमा लिई अन्तर्वार्ता उपकरणका माध्यमबाट र उनीहरूका सात वटा शोधपत्रको अध्ययनबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्यलाई अध्ययन गर्ने, सङ्केतन (कोड) निर्माण गर्ने तथा विषयगत (थिम) तयार गरी तथ्याङ्कको विश्लेषण गरिएको छ । प्राप्त तथ्यका आधारमा स्नातकोत्तर तह नेपाली शिक्षा विषयका शोधार्थीहरूको प्राज्ञिक लेखनमा संरचक घटकहरूको व्यवस्थापन सन्तोषजनक देखिन्छ । शीर्षकचयन, समस्याकथन, सारलेखन र अनुसन्धान प्रश्नको निर्माणमा कसरमसर रहेका छन् । पूर्वकार्यको समीक्षा तथा शोधविधि र प्रक्रिया लेखन स्तरीय र सबल बन्न सकेको छैन । तथ्यको व्याख्या तथा विश्लेषण गर्ने क्रममा छलफल पक्ष कमजोर देखिन्छ । शोधको निष्कर्ष लेखनमा शोधार्थीको प्रतिबिम्बन आउन र मूलभूत पक्ष मस्कन सकेको छैन । यसर्थ स्नातकोत्तर तहमा निर्देशक र शोधार्थीको सहकार्यबाट प्राज्ञिक लेखनमा संरचक घटकको व्यवस्थापन पक्षलाई सबल बनाउन आवश्यक छ ।*


***शब्दकुञ्जी*** : गुणात्मक, घटक, प्राज्ञिक, व्यवस्थापन, शोधार्थी

## विषयपरिचय

भाषा बोध, अभिव्यक्तिको माध्यम हो । भाषाका चार सिपमध्ये लेखन अर्थात् लेखाइ दोस्रो प्रदानात्मक सिप हो । लेखाइका सामान्य, सिर्जनात्मक, व्यावहारिक, प्राज्ञिकजस्ता प्रकार देखिन्छन् । यीमध्ये प्राज्ञिक लेखन तुलनात्मक रूपमा स्तरीय, वस्तुपक र तथ्यमा आधारित हुन्छ । तार्किकताका दृष्टिले सुसम्बद्ध र प्राविधिक रूपमा सुसङ्गठित एवम् व्यवस्थित हुनु प्राज्ञिक लेखनको विशेषता हो (बन्धु, २०८१, पृ. ५) । यस्तो लेखन विशिष्ट, बौद्धिक र प्राज्ञिक प्रकृतिको हुन्छ । साना, ठुला आयामका अनुसन्धान प्रतिवेदन तथा शोधमूलक लेखनलाई प्राज्ञिक लेखनभित्र समेटिन्छ । स्टिफेन बेली (सन् २०११) ले प्राज्ञिक जिज्ञासाको उत्तर पहिल्याउने, शोधार्थीद्वारा प्रस्तुत दाबीलाई तर्कद्वारा पुष्टि गर्ने र कुनै विषयप्रति अरुद्वारा गरिएको शोधको संश्लेषण गर्नुलाई प्राज्ञिक लेखनको उद्देश्यका रूपमा लिएका छन् । यसर्थ प्राज्ञिक लेखन वा अनुसन्धान कार्यलाई प्राज्ञद्वारा सम्पन्न उत्कृष्ट एवम् बौद्धिक लेखनका रूपमा लिइन्छ ।

प्राज्ञिक लेखन व्यवस्थित रूपमा गरिने ज्ञानको खोजी हो । यसलाई तत्त्वगत दृष्टिले सुसङ्गठित, प्राविधिक दृष्टिले सन्तुलित र भाषिक दृष्टिले उपयुक्त कार्य मानिन्छ । प्राज्ञिक अन्वेषण, प्रबन्धात्मक संरचना, व्यवस्थित लेखन, वैध र प्रामाणिक कार्य, बौद्धिक विश्लेषण, वस्तुपक, तार्किक एवम् मानक भाषाको प्रयोग प्राज्ञिक लेखनका पहिचान हुन् (घर्ती, २०८०, पृ.२-५) । यसबाट प्राज्ञिक लेखन एक उत्कृष्ट लेखनकलाका रूपमा चिनिन्छ । ग्रिने र लिडिन्स्की (सन् २०१२) ले पनि प्राज्ञिक लेखनमा सोधखोज, मूल्य पहिचान,

प्राज्ञिक वार्तालाप, प्रक्रियागत लेखन, तथ्य सङ्कलन, मस्यौदा लेखन, परिष्कार जस्ता कार्य गरिने उल्लेख गरेका छन् । यसबाट प्राज्ञिक लेखनलाई ज्ञान निर्माणको व्यवस्थित प्रक्रियाका रूपमा लिइन्छ । त्रिभुवन विश्वविद्यालयले पनि स्नातकदेखि विद्यावारधि तहसम्म नै प्राज्ञिक लेखनलाई महत्त्व दिँदै आएको छ । यसै सन्दर्भमा प्रस्तुत अनुसन्धान कार्य स्नातकोत्तर तहको प्राज्ञिक लेखनका क्षेत्रमा केन्द्रित छ । अनुसन्धानमा उक्त तहका शोधार्थीहरूले प्राज्ञिक लेखनमा संरचक घटकहरूको व्यवस्थापन कसरी गरेका छन् भन्ने अनुसन्धान प्रश्नको खोजी गर्ने उद्देश्य राखिएको छ । अनुसन्धानमा गुणात्मक विधिलाई उपयोग गरिएको छ । यसका साथै प्राज्ञिक लेखनका सिद्धान्त र व्याख्यावादी दर्शनलाई आधार बनाइएको छ ।

प्रस्तुत अनुसन्धान कार्यसँग सम्बन्धित भएर यसपूर्व केही अध्ययनहरू भएका छन् । हर्टली (सन् २००८), बेली (सन् २०११), तथा ग्रिने र लिडिन्स्की (सन् २०१२) ले प्राज्ञिक लेखनका आधारभूत पक्षमा केन्द्रित रही चर्चा गरेका छन् । यसैगरी भण्डारी (२०७४), जेफरी (सन् २०२२), शाही (सन् २०२२), पौड्याल (सन् २०२२), लम्साल (सन् २०२३), घिमिरे (२०७९), घर्ती (२०८०), हमाल (२०८०) तथा शर्मा (२०८१) ले पनि प्राज्ञिक लेखनसँग सम्बन्धित भएर यसका सैद्धान्तिक र व्यावहारिक पक्षमा चर्चा गरेका छन् । यसो भए तापनि उक्त अध्ययनहरू स्नातकोत्तर तहका शोधार्थीहरू र उनीहरूका शोधपत्रमा केन्द्रित रही संरचक घटक व्यवस्थापनका विषयमा अध्ययन भएको पाइँदैन । यही अनुसन्धान अन्तराल पूरा गर्ने कार्य प्रस्तुत अनुसन्धानमा गरिएको छ । यसबाट प्रस्तुत अनुसन्धानको औचित्य पुष्टि हुन्छ । अध्ययनबाट स्नातकोत्तर तहमा प्राज्ञिक लेखनलाई अझ व्यवस्थित र अनुसन्धानमूलक बनाउन सहयोग मिल्ने हुँदा यसको महत्त्व स्पष्ट हुन्छ । अध्ययनलाई पृथ्वीनारायण क्याम्पस पोखरा, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विषयका शोधार्थी र उनीहरूका शोधपत्रको अध्ययनमा परिसीमित गरिएको छ ।

## अनुसन्धानात्मक समस्या र उद्देश्यकथन

प्राज्ञिक लेखन उच्चस्तरको व्यवस्थित लेखन कार्य हो । यसबाट नयाँ ज्ञानको प्राप्ति र पुरानै ज्ञानको पुनर्व्याख्या गर्न सहयोग मिल्छ । यस सन्दर्भमा स्नातकोत्तर तहको नेपा.शि. ५४४ पाठ्यांशमा प्राज्ञिक लेखनका सैद्धान्तिक र प्रायोगिक कार्य निर्धारण गरिएको छ । यसो हुनाले यस तहका विद्यार्थीले प्राविधिक लेखन कार्य गर्दा संरक्षक घटकको व्यवस्थापन कसरी गरेका छन् भन्ने तथ्य खोजीको विषय बनेको छ । यसमा पनि संरचक घटकअन्तर्गत शोध्य समस्याको कथन कसरी गरेका छन्, शोध शीर्षकको चयन, विषय प्रवेशगत लेखन, उद्देश्यको निर्धारण र अनुसन्धान प्रश्नको निर्माण कसरी गरेका छन् भन्ने पक्ष महत्त्वपूर्ण बनेको छ । यसका अतिरिक्त उक्त तहका शोधार्थीले पूर्वकार्यको अध्ययन, तथ्यको सङ्कलन र विश्लेषण तथा निष्कर्ष लेखनमा के कस्ता आधारलाई अवलम्बन गरेका छन् भन्ने तथ्य खोजमूलक देखिन्छ । अतः स्नातकोत्तर तहअन्तर्गत नेपाली शिक्षाका शोधार्थीहरूले प्राज्ञिक लेखनमा गर्नुपर्ने संरचक घटकको व्यवस्थापनसम्बन्धी यिनै प्राज्ञिक जिज्ञासामा आधारित प्रस्तुत अनुसन्धानका उद्देश्यलाई निम्नानुसार क्रमशः उल्लेख गरिएको छ :

क) स्नातकोत्तर तह, नेपाली शिक्षाका शोधार्थीले प्राज्ञिक लेखनअन्तर्गत समस्याकथन, शोधशीर्षक चयन तथा शोधसार व्यवस्थापनगत पक्षको खोजी गर्नु,

ख) उक्त तहका शोधार्थीहरूको प्राज्ञिक लेखनअन्तर्गत विषय परिचय, उद्देश्यको निर्धारण, अनुसन्धान प्रश्न निर्माण र पूर्वकार्य समीक्षागत पक्षको विश्लेषण गर्नु,

ग) उक्त तहका शोधार्थीहरूले तथ्याङ्कको विश्लेषण तथा निष्कर्ष लेखनका क्षेत्रमा आधारित भई गरेका शोध व्यवस्थापन पक्षको लेखाजोखा गर्नु ।

## अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक विधिमा आधारित छ । यसका लागि व्याख्यावादी दर्शन र प्राज्ञिक लेखनका सिद्धान्तलाई अवलम्बन गरिएको छ । अतः यस अनुसन्धानको दार्शनिक स्थिति र तथ्याङ्क सङ्कलन तथा विश्लेषणका तरिकालाई निम्नानुसार क्रमशः उल्लेख गरिएको छ । प्रस्तुत अनुसन्धान बहुल सत्यमा

आधारित छ । यसो हुनाले शिक्षाशास्त्र सङ्कायका स्नातकोत्तर तह, नेपाली शिक्षा विषयका शोधार्थीहरूको प्राज्ञिक लेखनका संरचक घटकहरूको व्यवस्थापन पक्ष नै प्रस्तुत अनुसन्धानको सत्य हो । यसैगरी उक्त तहका शोधार्थीहरूका प्राज्ञिक लेखनसम्बन्धी धारणा र उनीहरूका शोधपत्रहरू तथा अन्य द्वितीयक सामग्रीहरू ज्ञानका स्रोत हुन् । यस्तै प्रस्तुत अनुसन्धानको मूल्यलाई सापेक्षतामा हेरिएको छ र उपयोगितावादी कोणबाट लिइएको छ । यसो हुनाले अनुसन्धानमा सूचकका भनाइ र शोधपत्रका तथ्यलाई अध्ययन गर्दा प्रायः सबैका मूल्यलाई महत्त्व दिइएको छ । यस्तो मूल्य विषयगत रहेको छ । अनुसन्धानमा तर्कलाई लम्बीय र क्षितिजीय रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत अनुसन्धानका लागि पृथ्वीनारायण क्याम्पस, स्नातकोत्तर तह, नेपाली शिक्षाका सात जना शोधार्थीसँग पुगी अन्तर्वार्ता उपकरणका माध्यमबाट प्राथमिक स्रोतका तथ्याङ्क सङ्कलन गरिएको छ । यसैगरी उक्त सात जना शोधार्थीका सात वटा शोधपत्रको अध्ययन गरी द्वितीयक स्रोतका तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनमा आधार लिइएका शोधपत्र र शोधार्थीको विवरणलाई परिशिष्टमा दिइएको छ । यस्ता शोधार्थीहरू भिन्न भिन्न वर्ष, सत्र र विधाबाट उद्देश्यपरक नमुना छनोट विधिका आधारमा चयन गरिएको छ । अध्ययनमा सङ्कलित तथ्याङ्कको बोध गर्ने, अभिलेखन गर्ने र वर्गीकरण गर्ने कार्यका साथ विषयमूलक (थिमेटिक) आधारमा विश्लेषण गरिएको छ । तथ्याङ्क सङ्कलन र विश्लेषणका आधार अनुसन्धानका उद्देश्य र प्राज्ञिक लेखनका सिद्धान्त रहेका छन् । अनुसन्धानमा विश्वसनीयता र नैतिक मूल्यको सुनिश्चितता कायम गर्ने प्रयास गरिएको छ ।

## अध्ययनको सैद्धान्तिक आधार

प्रस्तुत अध्ययन नेपाली शिक्षामा स्नातकोत्तर तहका शोधार्थीहरूको प्राज्ञिक लेखनमा संरचक घटक व्यवस्थापन कौशल पक्षमा आधारित छ । यसका लागि सैद्धान्तिक आधार लिने कार्य एपिए शैली, सातौँ संस्करण (सन् २०२०) बाट गरिएको छ । यसका साथै बेली (सन् २०११), डेन्जिन र लिङ्कन (सन् २०१८), कोहन र अन्य (सन् २०१८) मा उल्लेख गरिएका प्राज्ञिक लेखनका आधार र अनुसन्धान विधिलाई उपयोगमा ल्याइएको छ । यसका अतिरिक्त पाण्डेय (२०७६), श्रेष्ठ (२०७७), घर्ती (२०८०) द्वारा लिखित अनुसन्धान पुस्तकमा वर्णित प्राज्ञिक लेखनका ढाँचा र तरिकालाई आधार बनाइएको छ ।

एपिए सातौँ संस्करण (सन् २०२०) र माथि उल्लेख गरिएका व्यक्तिद्वारा प्रस्तुत एपिए शैली (सातौँ संस्क.) का मान्यता समान देखिन्छन् । एपिए शैलीमा शोधपत्र र प्रस्तावको पृष्ठाङ्कन गर्दा पृष्ठको माथि दायाँ तिर कुनामा (५.३७) हुनुपर्ने मान्यता छ । शीर्षक र उपशीर्षकीकरण गर्ने क्रममा पनि पहिलो शीर्षकलार्य पृष्ठको बिचमा माथि राखेर गाढा गर्ने, दोस्रो शीर्षकलाई पृष्ठको देब्रेतिर ल्याउर बोल्ड गर्ने, तेस्रोलाई देब्रेतिर गाढा र इटालिक गर्ने गरिन्छ । यसैगरी चौथो शीर्षकलाई देब्रेतिर ०.५ इन्च छोडेर गाढा गरी राख्ने र सोही स्थानबाट अनुच्छेद आरम्भ गर्नुपर्छ भने पाचौँ अनुच्छेदमा चौथो झैं गरेर इटालिक गर्नुपर्ने मान्यता छ । यसैगरी सन्दर्भ सूची छुट्टै पृष्ठमा दिनुपर्ने (पृ. ३०३) तथा सन्दर्भहरू दिँदा पनि एकरूपता अपनाउनु पर्ने प्रावधान छ ।

एपिए सातौँ संस्करण (२०२०) अनुसार सन्दर्भसूची प्रविष्टि गर्दा लेखक, मिति, शीर्षक र स्रोतलाई आधार बनाउनुपर्ने प्रावधान छ । यसैगरी सन्दर्भाङ्कनमा दुई जना लेखकसम्मलाई दुबैको थर राख्ने र तीन तथा बढी भएमा एउटाको थर राखेर अरूलाई अन्य गर्नुपर्ने देखिन्छ तर सन्दर्भ सूचीमा भने १९ जनासम्म लेखकको थर र नाम नै लेखिन्छ । यसैगरी तालिकीकरण, चित्र, नक्सा, अनुच्छेद विन्यास, कागजको ढाँचा तथा भावहरणमा पनि निश्चित नियम र प्रावधान एपिए सातौँ संस्क. (सन् २०२०) मा गरिएको छ । यिनै सैद्धान्तिक मान्यतामा केन्द्रित भई प्रस्तुत अध्ययनमा स्नातकोत्तर तहका शोधार्थीहरूको प्राज्ञिक लेखनमा संरचक घटक व्यवस्थापन कौशल पक्षको खोजी गरिएको छ ।

## नतिजा र विमर्श

प्रस्तुत अनुसन्धानमा नमुनाका रूपमा लिइएका शोधार्थी र शोधपत्रबाट प्राप्त तथ्यको विश्लेषण गरिएको छ । विश्लेषणलाई गुणात्मक विधिमा आधारित भई शाब्दिक व्याख्या गरिएको छ । अतः अनुसन्धानको प्रस्तुतीकरण, प्राप्त नतिजा र यसमाथिको विमर्शलाई निम्नानुसार क्रमशः उल्लेख गरिएको छ :

### समस्याकथन

शोधमा समस्याकथन भन्नाले प्राज्ञिक जिज्ञासाको कथन भन्ने बुझिन्छ । यसमा आफ्नो शोध्य विषय क्षेत्र वा शीर्षकमा अध्ययनीय सन्दर्भ के के हुन्, तिनको खोजी गरिन्छ । हुनुपर्ने र भएका तथ्यहरूको उजागर गरी अध्ययनको रिक्तता देखाइन्छ । कुमार (सन् २००५, पृ. ४०) ले शोधार्थीले कुन प्रश्नको उत्तर खोज्न चाहेको हो त्यो शोध समस्या हुने बताएका छन् । मरियम (सन् २००९, पृ. ६१) ले शोध समस्यालाई स्पष्ट र विशिष्ट बनाउने काम शोध प्रश्न र उद्देश्यकथनले गर्ने जनाएका छन् । यसर्थ समस्याकथनमा शोध समस्याको कथन गरिन्छ भन्ने स्पष्ट हुन्छ ।

यिनै सन्दर्भका आधारमा शोधार्थीको समस्या कथन लेखन सिपको अध्ययन गर्दा एकरूपता र उपयुक्तता देखिँदैन । यसमा शोधार्थीका मौखिक प्रतिक्रिया र लेखाइगत पक्षमा पनि समस्या देखिन्छ । समस्या कथनमा हुनुपर्ने गुण र विषय मिलेको पाइँदैन । शोधार्थी एक, तीन, पाँच र छले समस्याकथनलाई अनुसन्धान प्रश्नका रूपमा लिएका छन् । शोध समस्याको खुलस्त गरेका छैनन् । यसका तुलनामा शोधार्थी दुई, चार र सातले शोध समस्याको सङ्केत दिएका छन् । स्पष्ट व्याख्या गर्न सकेको पाइँदैन । यसबाट स्नातकोत्तर उत्तीर्ण शोधार्थीहरूको शोध समस्याको पहिचान गरी सोअनुसार अध्ययन गर्ने सिपमा कमजोरी देखिन्छ ।

### *शीर्षक चयन*

शोधकार्यमा शीर्षक चयनलाई महत्त्वपूर्ण रूपमा लिइन्छ । स्नातकोत्तर तह उत्तीर्ण नेपाली भाषा शिक्षा विषयका शोधार्थीले आफ्नो शोधकार्यको शीर्षक चयन गर्दा सम्बन्धित शिक्षक र विज्ञबाट सहयोग लिएको बताएका छन् । यस क्रममा आफ्नो शोध शीर्षकको चयन गर्दा शीर्षक मौलिक होस्, सरल होस् र छिटो काम सकिने होस् भन्ने अभिमत शोधार्थी एक दुई, चार, पाँच र छको छ । सम्बद्ध पूर्वकार्यको अध्ययन गरी अनुसन्धान अन्तरालका आधारमा शोध शीर्षक चयन नगरिएको अभिमत शोधार्थी तीन र सातको देखिन्छ । यस सन्दर्भमा शोधार्थी सातले भन्छन्-

मलाई छिटो मास्टर डिग्रीको सर्टिफिकेट चाहिएको थियो । सबैभन्दा सजिलो शीर्षक कुन होला भनेर साथी र गुरुसँग सल्लाह गर्दा र पहिलाका थेसिस हेर्दा पठनबोध शीर्षकको शोध गर्न सजिलो हुने देखेँ । छिटो हुने ठानेँ, खास कारण यही थियो । पूर्वकार्यको अध्ययन गरी निकालिएको शीर्षक भने होइन ।

दिइएको अभिव्यक्तिका आधारमा शोधको शीर्षक चयनको सन्दर्भ स्पष्ट हुन्छ । छनोटमा लिइएका शोधार्थीमध्ये दुई, तीन, पाँच र छले परम्परागत शैलीका शोध शीर्षक र एक, चार तथा सातले भने नयाँ शैलीका शीर्षक चयन गरी शोधकार्य पूरा गरेको पाइन्छ । शोधार्थीले चयन गरेका शीर्षकहरू छ शब्द (हामी वसन्त खोजिरहेछौँ नाटकको सङ्कथन विश्लेषण) देखि ११ शब्द (पोखरा महानगरपालिकाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन) सम्मका देखिन्छन् । एपिए सातौँ संस्करण (सन् २०२०) ले १२ शब्दसम्मका शोध शीर्षकलाई राम्रो मानेको छ । शोधार्थीका शोध शीर्षकहरूको शोध क्षेत्र र शोध समस्या पनि शोध शीर्षकमा खुलेको देखिन्छ ।

### सारलेखन

शोधमूलक लेखनमा समग्र अनुसन्धान पत्रको सार खिचिन्छ । हार्टली (सन् २००८) ले शोधमूलक लेखनको सारमा परिचय, विधि तथा प्रक्रिया, परिणाम र छलफललाई उल्लेख गरिनुपर्ने जनाएका छन् । यसका आधारमा लेखसारभित्र विषयको क्षेत्र, उद्देश्य वा मुख्य तर्क, प्राज्ञिक जिज्ञासा, विधि र प्राप्तिलाई सङ्क्षिप्त

रूपमा उल्लेख गरिन्छ। एपिए शैली (सन् २०२०) अनुसार लेखको सार २५० शब्दसम्म र यो उपयुक्त सुसङ्गत र सङ्क्षिप्त हुनुपर्ने मानिन्छ। यसमा शोधपत्र र शोध प्रबन्धको सार भने ३५०-४५० शब्दसम्म राम्रो हुने देखिन्छ।

यस आधारमा नेपाली शिक्षा विषयमा स्नातकोत्तर उत्तीर्ण शोधार्थीका मौखिक प्रतिक्रिया सैद्धान्तिक आधारसँग मिल्दा देखिन्छन्। शोधार्थी एकले शोध सारमा भावी अध्ययनलाई पनि उल्लेख गर्नुपर्ने धारणा राख्छन् भने शोधार्थी सातले सारांश र निष्कर्षमा फरक देखाउँछन्। शोधार्थीको भनाइ अनुसार शोधपत्रमा उल्लिखित सारको अध्ययन गर्दा सबैजसो शोधार्थीले शोधसारमा रहनुपर्ने विषयलाई समावेश गरेको देखिन्छ। यसमा शोधको विषय क्षेत्र, उद्देश्य, समस्या, शोध प्रश्न, विधि र प्राप्तिलाई मुख्य रूपमा उल्लेख्य गरिएको देखिन्छ भने शोधार्थी एक, तीन, चार र सातले सार लेखनमा सुझाव पनि राखिनु पर्ने प्रतिक्रिया दिएका छन्। यसलाई प्राज्ञिक लेखनका दृष्टिले उपयुक्त नै मान्न सकिन्छ। शोधार्थीको सार लेखनको आयाममा पनि प्रायः एकरूपता नै देखिन्छ।

### *विषयप्रवेश लेखन*

प्राज्ञिक शोध कार्यमा विषय परिचयलाई शोधको सङ्क्षिप्त परिचयात्मक रूप मानिन्छ। विल्किन्सनको भनाइअनुसार विषय परिचयले पाठकलाई सम्बन्धित विषयका बारेमा सूचना प्रदान गर्दछ र यसबाट पाठकलाई अन्य अनुसन्धानसँगको सम्बन्धबारे जानकारी प्राप्त हुन्छ (सन् १९९१, पृ. ९६)। यसबाट विषय परिचय, शोधको परिचयात्मक खण्ड हो भन्ने बुझिन्छ। क्रेसबेलले विषय परिचयलाई शोध समस्या उल्लेख गर्ने, शोधको अन्तराल पत्ता लगाउने र शोधको महत्त्व स्पष्ट पार्ने शोध प्रतिवेदनको अङ्गका रूपमा (सन् २०१४, पृ. ११२) लिएका छन्। यसका आधारमा शोधको विषय परिचयमा विषय क्षेत्रको स्पष्टता, पूर्वाध्ययनको पुनरावलोकनका साथमा आफ्नो अध्ययनको रुचि क्षेत्र, उद्देश्य, समस्या र परिसीमाको पनि सङ्क्षिप्त रूपमा उल्लेख गर्नुपर्ने हुन्छ।

यहाँ उल्लेख गरिएका शोधगत विषय परिचयका सन्दर्भमा स्नातकोत्तर उत्तीर्ण नेपाली शिक्षा विषयका शोधार्थीहरूको विषय परिचय लेखन सिपको अध्ययन गर्दा सबै जसो शोधार्थीहरूले यसमा शोधका मूलभूत पक्ष समावेश गरिन्छ भन्ने बताएका छन्। उनीहरूले शोधका सैद्धान्तिक र व्यावहारिक पक्षको उल्लेख गरिने प्रतिक्रिया दिएका छन्। त्यसैगरी विषय परिचय खण्डमा सम्बन्धित विषयको पृष्ठभूमि, अनुसन्धानात्मक क्षेत्र, इतिहास, प्राप्त पूर्व अध्ययनहरूको सङ्क्षिप्त विवरणका साथमा अध्ययनको महत्त्व र परिसीमालाई उल्लेख गरिने जनाइएको छ। शोधार्थीबाट यस स्तम्भमा अध्ययनको सान्दर्भिकता झल्कन पर्ने भनाइ आएको छ।

शोधार्थीबाट प्राप्त भनाइअनुसारका कार्य शोधपत्रमा भए नभएको खोजी गर्दा एकरूपता पाइँदैन। शोधार्थी तीनको शोध परिचयमा असान्दर्भिक विषयलाई महत्त्व दिएर सान्दर्भिक विषय स्पष्ट रूपमा आउन सकेका देखिँदैनन्। यसै गरी शोधार्थी चार र सातको विषय परिचयमा विषयलाई उपशीर्षकीकरण गरेर सैद्धान्तिक चर्चा बढी गरिएको छ। यसै गरी शोधार्थी एकले आफ्नो शोधसँग सम्बन्धित पूर्वाध्ययनको सङ्केत गरेको पाइँदैन। शोधार्थी सातले शोधकार्यलाई आफ्नो रुचि क्षेत्रसँग जोड्न र परिसीमालाई स्पष्ट पार्न सकेको पाइँदैन। यसबाट शोधार्थीहरूको विषय परिचय लेख्ने सिप र कौशलमा परिष्कार आउन सकेको देखिँदैन।

### *अनुसन्धान प्रश्न र उद्देश्य लेखन*

अनुसन्धानमा प्रस्तुत दाबी र समस्या कथनका आधारमा अनुसन्धान प्रश्न र उद्देश्य निर्धारण गरिन्छ। शोध प्रश्न केन्द्रीय र सहायक गरी दुई प्रकारका (क्रेसवेल, सन् २०१४) हुन्छन्। कुनैमा एउटै खालका प्रश्न पनि

हुने गर्छन् । यिनै प्रश्नका आधारमा उद्देश्यको कथन गरिन्छ । यसै सन्दर्भमा छनोटमा लिइएका स्नातकोत्तर उत्तीर्ण नेपाली शिक्षा विषयका शोधार्थीहरूले शोधप्रश्न र उद्देश्य कथनका बिच सम्बन्ध रहने कुरा बताएका छन् । सातै जना शोधार्थीको अभिमत छ- शोध प्रश्नले समस्याको उजागर गर्छ भने शोधको उद्देश्यले शोधकार्यलाई दिशा निर्देश गर्दछ । यिनै भनाइका आधारमा सम्बन्धित शोधार्थीको शोधमा पनि अनुसन्धान प्रश्न र उद्देश्यकथनका बिच सम्बन्ध रहेको पाइन्छ ।

शोध प्रश्नहरू तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्य मीमांसामा आधारित हुनुपर्ने मानिन्छ । यस्ता प्रश्नहरू छ, छैन वा हो, होइन उत्तर आउने खालका नभई अलि व्यापक खालका अर्थात् 'के, 'किन' र 'कसरी' जस्ता प्रश्नको उत्तर आउने हुनुपर्छ र तिनीहरू एकै दिशातर्फ नभई तीन दिशातर्फ (के, कसरी, किन) उन्मुख हुनुपर्छ (श्रेष्ठ, २०७७, पृ. ३०-३१) । यसका आधारमा पनि शोधार्थीका शोधपत्रको अध्ययन गर्दा शोधार्थी दुई, तीन, छ र सातका सबै शोध प्रश्नहरू के, कस्तो प्रश्नमा आधारित देखिन्छन् । यसैगरी शोधार्थी एक, चार र पाँचका शोध प्रश्नहरू कस्ता, कसरी र कुन प्रश्नमा आधारित मिश्रित प्रवृत्तिका देखिन्छन् ।

यसैगरी छनोटमा लिइएका शोधार्थीका शोध प्रश्न र उद्देश्य कथनको सङ्ख्या पनि समान देखिन्छन्, तिनीहरू उस्तै प्रकृतिका देखिन्छन् । यसबाट पनि शोधार्थीहरूमा शोध प्रश्न निर्माणप्रतिको सचेतता र ज्ञानको कमी भएको देखिन्छ ।

***पूर्वकार्य समीक्षा लेखन***

शोधकार्यलाई सहज र विश्वसनीय बनाउन सम्बद्ध विषयको पूर्वकार्यको अध्ययन गर्न आवश्यक हुन्छ । यस प्रकारको अध्ययनबाट अनुसन्धान अन्तराल पत्ता लगाउन र अनुसन्धान कार्यलाई दिशा निर्देश गर्न सहयोग पुग्छ (डोर्नी, सन् २०११, पृ. २८२) । यस तथ्यका आधारमा छनोटमा लिइएका सूचकसँग अन्तर्वार्ता लिएर र शोधपत्रको अध्ययन गरेर आवश्यक तथ्य पहिचान गरिएको छ ।

अन्तर्वार्ताबाट प्राप्त तथ्यका आधारमा सबैजसो शोधार्थीहरूले शोधमा पूर्वकार्यको विशेष महत्त्व रहने बताएका छन् । उनीहरूले पूर्वकार्य अध्ययन गर्ने सम्बन्धित सामग्री पाउन नसकिएको र प्राप्त अध्ययन पनि पूर्ण नभएको बताएका छन् । शोधार्थी एक, चार, पाँच र छले सम्बद्ध पूर्वकार्यहरू यथेष्ट नपाइएको बताएका छन् भने शोधार्थी दुई, तीन र सातले आफूलाई आवश्यक पूर्वकार्यहरू पाइएको उल्लेख गरेका छन् ।

पूर्वकार्यको अध्ययन गर्दा उनीहरूले आफ्नो कापीमा नै उक्त कार्यको शीर्षक, क्षेत्र, सार, समस्या कथन, उद्देश्य कथन, प्राप्ति, निष्कर्ष र सुझावलाई बुझेर सो कार्यसँग आफ्नो अध्ययनको सम्बन्ध खोजेको जनाएका छन् । तर शोधकार्यको अध्ययन गर्दा भने वार्षिक प्रणालीअन्तर्गतका शोधार्थीहरूका शोधपत्रमा पूर्वकार्यको अध्ययन अत्यन्त कम भएको र आवश्यक सूचना सङ्कलन नगरिएको देखिन्छ । यसका तुलनामा सेमेस्टर प्रणाली अन्तर्गतका शोधार्थी दुई, पाँच र छ को पूर्वकार्य समीक्षा उद्देश्यपूर्ण र विस्तृत भएको देखिन्छ ।

शोधार्थी एकको पूर्वकार्य समीक्षाको नमुना यस प्रकार छ :
लामिछाने (२०६९) द्वारा नेपाली भाषा शिक्षण शीर्षकमा पाठ्यसामग्री तयार पारिएको छ । उक्त पाठ्य सामग्री एक बर्से तथा तीन बर्से बि.एड. का लागि तयार पारिएको पाठ्य सामग्री स्नातकोत्तर तहसम्म नेपाली भाषा शिक्षणमा अध्ययन अनुसन्धान गर्ने पाठकका लागि उपयोगी हुने देखिन्छ । (पृ. १५)

यहाँ उल्लेख गरिएको पूर्वकार्य समीक्षाको नमुनामा उक्त कार्यको शोध प्रश्न, उद्देश्य, विधि, प्राप्ति र त्यस कार्यको आफ्नो अनुसन्धानसँगको सम्बन्धका बारेमा स्पष्ट भएको पाइँदैन ।

शोधार्थी एकका तुलनामा शोधार्थी पाँचको पूर्वकार्य समीक्षाको नमुना उपयुक्त र उद्देश्योन्मुख देखिन्छ । शोधार्थी पाँचको उक्त पूर्वकार्य समीक्षाको नमुना यस प्रकार छ :
शर्मा (२०७७) द्वारा स्नातक तहको व्याकरण पाठ्यक्रमका पाठ्यवस्तु/पक्ष (अक्षर संरचना, वर्णविन्यास, शब्दस्रोत, वाक्यतत्त्वपरक अभिव्यक्ति, वाक्यान्तरण, वाक्य संश्लेषण) र पाठ्यक्रमका तत्त्व (उद्देश्य, सामग्री, विधि, मूल्याङ्कन) का आधारमा रचना पाठमा केन्द्रित भई रचनामुखी व्याकरण शिक्षण प्रक्रियाको अवस्था खोजी गरी त्यसलाई कसरी व्यावहारिक बनाउन सकिन्छ भन्ने कुराको बारेमा चर्चा गरिएको छ । रचनामुखी व्याकरण शिक्षणमा प्रस्तुतीकरण, अभ्यास र उत्पादनमा जोड दिइन्छ । अभ्यास, अन्तरक्रिया, छलफल, प्रश्नोत्तर, समूह कार्य, परियोजना कार्य जस्ता शिक्षण विधिका माध्यमबाट रचनामुखी व्याकरण शिक्षणले सफल पाउँछ । साथै यसमा नियम, परिभाषा र उदाहरणमा केन्द्रित औपचारिक र असान्दर्भिक व्याकरण शिक्षणलाई रोकी पाठ र सन्दर्भ सापेक्ष व्यावहारिक र सिर्जनात्मक व्याकरण सिकाइमा जोड दिइन्छ । (पृ. १२-१३)

यहाँ दिइएको पूर्वकार्य समीक्षाको नमुनामा पूर्वकार्यसँग सम्बन्धित उद्देश्य, समस्या, विधि, प्राप्ति, छलफल र उक्त कार्यको आफ्नो कार्यसँग रहेको सम्बन्धको खोजी गरिएको छ । यसरी पूर्वकार्यको अध्ययनबाट पूर्व अध्येतासँग संवाद गरी आफ्नो शोधलाई सघन बनाउन सहयोग पुगेको पाइन्छ ।

### *शोधविधि र प्रक्रिया लेखन*

तथ्य सङ्कलनमा सहयोग लिइएका सहभागीसँगको अन्तर्वार्ताका आधारमा आफूले आफ्नो अनुसन्धानमा कुन विधि प्रयोग गरेका छन् भन्ने विषयमा स्पष्ट नभएको देखिन्छ । यसैगरी शोध दर्शन (सत्य, ज्ञान, मूल्य र तर्क) को सन्दर्भ वार्षिक प्रणालीका शोधार्थीको शोधकार्यमा उपयोग नभएको देखिन्छ । यसैगरी सेमेस्टर प्रणालीका शोधार्थी (दुई, पाँच र छ) ले भने शोध दर्शनलाई आफ्नो शोधकार्यमा उपयोग गरेको पाइन्छ ।

शोधार्थीले आफ्नो शोध कार्यमा गुणात्मक, परिमाणात्मक र मिश्रित अनुसन्धानका विधिलाई नै ढाँचाका रूपमा बुझेको देखिन्छ । शोधमा स्पष्ट रूपमा कुनै एक ढाँचा (न्यारेटिभ, घटना अनुभव, मामला अध्ययन, सर्वेक्षण, ग्राउन्डेड आदि) को प्रयोग भएको देखिँदैन । तथ्य विश्लेषणका आधारलाई पनि खुलस्त पारिएको पाइँदैन । अनुसन्धान विधिमा उपशीर्षकीकरण गर्ने क्रममा भने अनुसन्धान ढाँचा, जनसङ्ख्या र नमुना छनोट, तथ्याङ्क सङ्कलन उपकरण, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्क विश्लेषण प्रक्रिया शीर्षकमा आधारित भई अध्ययन गरिएको देखिन्छ । शोधार्थी दुई र पाँचले भने शोधदर्शन र शोधमा नैतिक मूल्यको सुनिश्चिततालाई समेत थपेर व्याख्या गरेको पाइन्छ ।

यहाँ उल्लिखित सन्दर्भका आधारमा स्नातकोत्तर उत्तीर्ण शोधार्थीको शोध विधि र प्रक्रिया लेखनगत सिपमा सुधारको आवश्यकता देखिन्छ । उनीहरूका शोधकार्यमा उपयोग गरिने सिद्धान्त र विश्लेषणका आधारमा स्पष्टता आउन जरुरी हुन्छ । उनीहरूको यस तहमा गरिने अध्ययनले दर्शनाचार्य तथा विद्यावारिधि तहसम्मको अध्ययनमा प्रभाव पार्ने हुँदा शोधकार्यमा निर्देशकको समेत बढी सहयोग र सल्लाह आवश्यक पर्ने देखिन्छ । यसतर्फ शोधार्थी बढी सचेत र शोध निर्देशक पनि सहयोगीका भूमिकामा रहन सान्दर्भिक हुन्छ ।

### *व्याख्या तथा विश्लेषण लेखन*

अनुसन्धानमा तथ्याङ्कको सङ्कलनपछि विश्लेषण र छलफल गरिन्छ । यसलाई शोधको मूलखण्डका कार्यका रूपमा लिइन्छ । छनोटमा लिइएका सबै शोधार्थीले अध्याय चारलाई व्याख्या तथा विश्लेषण

खण्डका रूपमा लिएका छन् । यसबाट उनीहरूले तीन वा चार ओटा उद्देश्यलाई पनि एउटै अध्यायभित्र राखेर विश्लेषण गरेको देखिन्छ । यस्तो कार्य स्नातकोत्तर तहका लागि उपयुक्त मानिए पनि त्योभन्दा माथिल्ला तहका लागि राम्रो हुँदैन । स्नातकोत्तर तहमा पनि उद्देश्यअनुसारका अध्याय बनाउनु राम्रो हुने देखिन्छ ।

तथ्याङ्कको व्याख्या, विश्लेषण गर्ने क्रममा तालिका र चित्रको समेत उपयोग गरिएको छ । एक पृष्ठभन्दा लामा विवरण (प्रश्नावली, विद्यालयको नाम, विद्यार्थीका प्राप्त उत्तर आदि) लाई परिशिष्टमा व्यवस्थापन गरिएको छ । यो राम्रो पक्ष हो । तालिकाहरू एपिए शैली (सन् २०२०) अनुसार नभएर पम्परागत नै देखिन्छन् भने उपशीर्षकमा पनि नम्बर लगाइएको छ (शोधार्थी दुई, पाँच र छ बाहेक) । यसलाई एपिए शैली (सन् २०२०) अनुसार राम्रो मानिँदैन । अतः यसतर्फ पनि शोधार्थी र शोध निर्देशकको ध्यान जान आवश्यक देखिन्छ ।

यसैगरी शोधार्थीहरूले तथ्यको व्याख्या र विश्लेषण गरे पनि शोधार्थी पाँचबाहेक अरूको प्राप्त नतिजाउपर छलफल गरिएको देखिँदैन । नतिजा र छलफललाई छुट्टै उपशीर्षकमा राखेर विश्लेषण गरिएको (शोधार्थी पाँच बाहेक) पनि पाइँदैन । विश्लेषण र छलफलका क्रममा पूर्व अध्येता र सिद्धान्तलाई आधार बनाएर आफ्नो अध्ययनको प्राप्तिका विषयमा छलफल र संवाद गरिएको देखिँदैन । तथ्याङ्कको प्रस्तुतीकरण र व्याख्या गरिएको छ । यसका लागि उपशीर्षकीकरण गरेर त्यसको लम्बीय आधारमा विवेचना मात्र गरिएको छ । यसबाट स्नातकोत्तर उत्तीर्ण नेपाली शिक्षाका शोधार्थीहरूको शोधमा गरिने व्याख्या विश्लेषणगत सिपमा स्तरीयता र परिष्कारको आवश्यकता पर्ने देखिन्छ । यसतर्फ सम्बन्धित निर्देशक र समग्र विभागको समेत ध्यान पुग्नुपर्ने जरुरी हुन्छ ।

**निष्कर्ष लेखन**

शोधकार्यमा निष्कर्षलाई समग्र अनुसन्धानको मूल तत्त्वका रूपमा लिइन्छ । निष्कर्ष अनुसन्धान प्रश्न र उद्देश्यसँग सम्बन्धित हुनुपर्छ (घिमिरे, २०७९, पृ. २८) र तिनको सङ्क्षिप्त प्रतिबिम्बनका रूपमा देखिनु राम्रो मानिन्छ । प्रस्तुत अध्ययनका क्रममा शोधार्थी एकले पनि अनुसन्धानबाट प्राप्त वस्तु र पाठकलाई दिने सन्देशका रूपमा निष्कर्षलाई लिएका छन् । यसै गरी शोधार्थी पाँचले निष्कर्षमा आफ्ना कुरासहित सुझाव पनि राख्नुपर्ने प्रतिक्रिया दिन्छन् । उनी भन्छन्- सारांश र निष्कर्षमा अन्तर सम्बन्ध हुँदा हुँदै पनि निष्कर्षमा मौलिक र अझ सूक्ष्म भाव प्रतिबिम्बत हुने धारणा राख्छन् । यसबाट शोधकार्यमा निष्कर्ष खण्ड शोधको मूल सन्देश वा भाव हो भन्न सकिन्छ । यो शोधको अङ्ग सङ्क्षिप्त भइकन पनि सबल एवम् शक्तिशाली हुने देखिन्छ ।

शोधार्थीको भनाइअनुसार उनीहरूका शोधकार्यको अध्ययन गर्दा शोधार्थी पाँचबाहेक अन्य शोधार्थीले अध्याय पाँचमा नै निष्कर्ष खण्ड समावेश गरी चर्चा गरेको देखिन्छ । शोधार्थी पाँचले भने अध्याय पाँचमा प्राप्ति छलफल तथा अध्याय छमा सारांश र निष्कर्ष राखेको पाइन्छ ।

निष्कर्ष लेख्ने क्रममा सबै शोधार्थीले आफ्ना अनुसन्धान प्रश्न र उद्देश्यअनुसार नै हुने गरी प्रस्तुति दिएका छन् । तर यसको लेखनमा मौलिकता, प्रतिबिम्बात्मकता र लेखकीय दृष्टिकोणको समेत उपयोग भएको पाइँदैन । विषयगत विवरणको सङ्क्षिप्त प्रस्तुति देखिन्छ । शोधार्थी एक, दुई, तीन, चार र पाँचद्वारा निष्कर्षमा शोधकार्यबाट प्राप्त सुझावलाई समेत समावेश गरिएको छ ।

यिनै तथ्यका आधारमा स्नातकोत्तर तह नेपाली शिक्षाका शोधार्थीहरूको शोधमूलक निष्कर्ष लेखन सिप सघन रूपमा मस्कन सकेको देखिँदैन । तथ्याङ्कको प्रस्तुतीकरण र प्राप्ति तथा छलफलभन्दा माथि उठेर

प्रतिबिम्बात्मक अभिव्यक्ति दिनु निष्कर्षको मूल मर्म हो । यसतर्फ शोधार्थी र शोधनिर्देशकको ध्यान पुग्नु आवश्यक छ ।

**अध्ययनका सीमा**

संरचक घटकअन्तर्गत यहाँ प्राज्ञिक लेखनका केही घटकका सन्दर्भमा चर्चा गरिएको छ । यसका अतिरिक्त अध्ययनमा प्रयुक्त मुख्य पद/पदावली, अध्ययनको औचित्य, महत्त्व, अध्ययनको परिसीमा तथा अध्ययनको सैद्धान्तिक र अवधारणात्मक रूपरेखालाई यहाँ सापेक्षित चर्चा गरिए पनि विस्तृत अध्ययन गरिएको छैन ।

## निष्कर्ष

मानिसको बुद्धि, विवेक र तर्कको परिणामस्वरूप अभिनव कार्यहरू सम्भव भएका छन् । प्राज्ञिक लेखन यही मानवीय गतिशीलताको एउटा स्वरूप हो । प्राज्ञिक लेखन वा अनुसन्धान कार्यबाट व्यवस्थित रूपमा ज्ञानको निर्माण गर्न सहयोग मिल्छ । यही तथ्यलाई मनन गरी विद्यालय तथा विश्वविद्यालय तहमा अध्ययन, अध्यापनसँगै अनुसन्धान कार्यमा जोड दिइएको छ । प्रस्तुत अध्ययनमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह नेपाली शिक्षाका शोधार्थीहरूको प्राज्ञिक लेखनमा संरचक घटक व्यवस्थापन पक्षको लेखाजोखा गरिएको छ । अध्ययनबाट धेरै शोधार्थीहरूले सजिलो वा छिटो किसिमले शोधकार्य सक्ने गरी शीर्षक चयन गर्ने गरेको पाइन्छ। सम्बद्ध पूर्वकार्यको अध्ययन गरी शोध अन्तरालका आधारमा शोधक्षेत्र छनोट गरेको देखिँदैन । समस्याको कथन स्पष्ट भएर आउन सकेको छैन । विषय परिचयको क्रम र सन्दर्भमा ख्याल गर्नुपर्ने आवश्यकता छ । शोधसार लेखनमा एकरूपता, सघनता र स्पष्टताको कमी छ । अनुसन्धान प्रश्नहरू त्रिकोणात्मक बन्न नसकी एकैतर्फ फर्किएका देखिन्छन् । पूर्वकार्य समीक्षा गर्दा उद्देश्य, विधि, प्राप्ति र अन्तराललाई स्पष्टसँग उतार गरिएको छैन । शोधविधि समग्रतामा आएको छ, विशिष्ट बन्न सकेको देखिँदैन । व्याख्या, विश्लेषण गर्दा शीर्षकीकरण गरी उद्देश्यअनुसार गरिएको भए पनि परिणाम र छलफल पक्षलाई सघन बनाउन जरुरी छ । निष्कर्ष लेखनमा शोधार्थको प्रतिबिम्बन आउन आवश्यक देखिन्छ । यसर्थ प्राज्ञिक लेखनमा संरचक घटक व्यवस्थापन विषयमा रुचि राख्ने अध्येताका लागि प्रस्तुत अध्ययन उपयोगी रहेको छ ।

## सन्दर्भ सामग्री

अधिकारी, पवित्रा (२०८०), *कक्षा पाँचको पुरानो (२०७८) र वर्तमान (२०७९) नेपाली भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

अधिकारी, सोभिता (२०७२), *पोखरा महानगरपालिकाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

अमेरिकन साइकोलोसिकल एसोसिएसन (सन् २०२०), *पब्लिकेसन म्यानुएल अफ एपिए* (सातौं संस्क.), अथर ।

अर्याल, डिल्लीराम (२०७२), *कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्‌यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

कुमार, आर (सन् २००५), *रिसर्च मेथोडोलोजी, स्टेप वाइ स्टेप गाइड फर बिगिनर्स* (दो. संस्क.), सेज पब्लिकेसन ।

क्रेसवेल, जे.डब्लु (सन् २०१४), *रिसर्च डिजाइन,* सेज ।

ग्रिने, एस र लिडिन्स्की ए. (सन् २०१२), *फ्रम इन्क्वारी टु एकेडेमिक राइटिङ;* बेड फर्डस्ट मार्टिन्स ।

घर्ती, दुर्गाबहादुर (२०८०), *अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग,* अनुसन्धान विमर्श नेपाल ।

घिमिरे, दिनेश (२०७९), *प्राज्ञिक लेखन : प्रक्रिया र प्रयोग,* इन्टिलेक्चुएल्स बुक प्यालेस ।
घोडासैनी, खगेन्द्र (२०७९), एपिए सातौं संस्करणका प्रावधानहरू, *हैमप्रभा,* (२१), ४२-५९ ।
डोर्नी, जेड (सन् २०११), *रिसर्च मेथड्स इन् एप्लाइड लिङ्गिवस्टिक्स क्वालिटेटिभ, क्वान्टिटेटिभ एन्ड मिक्स मेथडोलोजी,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।
ढकाल, रेशम (२०६६), *पोखरा नगर क्षेत्रभित्र राखिएका साइनबोर्डहरूमा पाइने वर्णविन्यासगत त्रुटि,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।
तामाङ, शर्मिला (२०८१), *कार्यमूलक व्याकरण शिक्षणका सन्दर्भमा नेपाली भाषा शिक्षकहरूको दृष्टिकोण,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।
पाण्डेय, ताराकान्त (२०७६), अनुसन्धानमूलक लेखको संरचना, *प्रज्ञा,* २(११८), १-१२ ।
पौडेल, देवी (२०७८), *हामी वसन्त खोजिरहेछौँ नाटकको सङ्कथन विश्लेषण,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।
पौड्याल, सालिकराम (सन् २०२२), अनुसन्धानात्मक लेखको एपिए ढाँचा र पद्धति, *बुटवल क्याम्पस* जर्नल, ५(१), १७४-१८९ ।
बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* रत्न पुस्तक भण्डार ।
बन्धु, चुडामणि (२०८१), प्राज्ञिक लेखनको भाषा र शैली, (सम्पा. हेमाङ्गराज अधिकारी, बद्रीविशाल भट्टराई, भीमनारायण रेग्मी र होम भट्टराई), नेपाल प्रज्ञा प्रतिष्ठान ।
बेली, एस् (सन् २०११), *एकेडेमिक राइटिङ : अ ह्यान्ड बुक फर इन्टरनेसनल स्टुडेन्टस्* (तेस्रो सस्क.), स्टुलन ।
भण्डारी, पारसमणि (सन् २०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार ।
मेरियम, एस.बि. (सन् २००९), *क्वालिटेटिभ रिसर्च : अ गाइड टु डिजाइन एन्ड इम्लिमेन्टेसन,* जसी बेस अ विलि इम्प्रिन्ट ।
रेग्मी, धनप्रसाद (२०७४), *यात्रा अङ्क छमा समाविष्ट भाषा शिक्षण र अनुसन्धानसँग सम्बन्धित लेखहरूको अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।
लम्साल, तिलक (सन् २०२२३), प्राज्ञिक लेखनका अभिलक्षण र तत्त्वहरू, *रूपान्तरण : अ मल्टिडिसिपिलिनरी जर्नल,* VII, १४५-१५२ ।
विल्किन्सन, ए. एम. (सन् १९९१), *द साइन्टिस्टस हेन्ड बुक फर राइटिङ पेपरस एन्ड डिजर्टेसन्स,* प्रेन्टिस हल ।

शाही, हर्कबहादुर (सन् २०२२), स्नातकोत्तर नेपाली शिक्षा शोधपत्रमा समाविष्ट सन्दर्भ सामग्री सूचीमा रहेका त्रुटि, *एएमसी मल्टिडिसिपिलिनरी रिसर्च जर्नल,* ३(१) ५३-५९ ।
श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन,* शिखा बुक्स ।
श्रेष्ठ, मीरा (२०७९), *कक्षा नौमा व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।
शर्मा, विष्णुप्रसाद (२०८१), *नेपाली शिक्षामा स्नातकोत्तर उत्तीर्ण शोधार्थीहरूको प्राज्ञिक लेखन सिप* [अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन], अनुसन्धान र नवप्रवर्तन केन्द्र पृथ्वीनारायण क्याम्पस, पोखरा ।
हर्टली, जेम्स (सन् २००८), *एकेडेमिक राइटिङ एन्ड पब्लिसिङ,* रुटलज ।

हमाल, हीरा (२०८०), *नेपाली शिक्षा स्नातकोत्तर तहका शोधपत्रहरूको त्रुटि विश्लेषण,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

*परिशिष्ट :* **अध्ययनमा आधार लिइएका शोधपत्र र शोधार्थीको विवरण**

| **क.सं.** | **शोधपत्रको शीर्षक** | **शैक्षिक सत्र** | **विधा** | **शोधार्थी** |
|---|---|---|---|---|
| १. | कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन | २०७० | पठन बोध | डिल्लीराम अर्याल |
| २. | पोखरा नगर क्षेत्रभित्र राखिएका साइनबोर्डहरूमा पाइने वर्णविन्यासगत त्रुटि | २०७१ | भाषिक त्रुटि | रेशम ढकाल |
| ३. | पोखरा महानगरपालिकाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता | २०७२ | चिठी लेखन | सोभिता अधिकारी |
| ४. | 'यात्रा' पत्रिकामा सङ्कलित भाषा शिक्षण र अनुसन्धानसँग सम्बन्धित लेखहरूको अध्ययन | २०७४ | समालोचना | धनप्रसाद रेग्मी |
| ५. | हामी वसन्त खोजिरहेछौँ नाटकको सङ्कथन विश्लेषण | २०७८ | सङ्कथन विश्लेषण | देवी पौडेल |
| ६. | कक्षा पाँचको पुरानो (२०७८) र वर्तमान (२०७९) नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन | २०८० | पाठ्यपुस्तकको विश्लेषण | पवित्रा अधिकारी |
| ७. | कार्यमूलक व्याकरण शिक्षणका सन्दर्भमा नेपाली भाषा शिक्षकहरूको अभिमत | २०८१ | कार्यमूलक व्याकरण शिक्षण | शर्मिला तामाङ |